मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

**अवैध काठसहित भारतीय गाडी नियन्त्रणमा**



समाचार पृष्ठ ३ मा

वर्ष २ | अंक २४२ | २०८१ साल श्रावण ०६ गते आइतबार | Sunday 21, July 2024 | सूर्योदय: बिहान ५:२४ बजे | सूर्यास्त: साँझ ६:५९ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-


## दानवीर साहको श्रद्धाञ्जलीसँगै शालिक अनावरण



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
दानवीर रामबहादुर साहको निधन भएको १३ औँ दिनमा रामबहादुर साह तेली सेवा सदनमा श्रद्धाञ्जली तथा शालिक अनावरण कार्यक्रममा भएको छ । रामकिशोर साहको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल तेली कल्याणका राष्ट्रिय अध्यक्ष विश्वनाथ साह प्रमुख अतिथि थिए । कार्यक्रमका सहभागीहरुले स्वर्गीय साहले धर्मशालालाई ३० करोड रुपैयाँको सम्पत्ति दान दिएर समाजका लागि महत्वपूर्ण काम गरेको सम्झना गरे । श्रद्धाञ्जलि सभामा पूर्वउपप्रधानमन्त्री रघुवीर महासेठ, संविधानसभा सदस्य तथा पूर्वराज्यमन्त्री अरविन्द साह, मधेश सरकारका वन तथा वातावरणमन्त्री त्रिभुवन साह, खानेपानी, सिँचाइ मन्त्री शेष नारायण यादव, सांसद दीपेन्द्र ठाकुर, मौलापुर नगरपालिकाकी मेयर रिनाकुमारी साह, पूर्वसांसद प्रमोद साह, पूर्व विधायक नीरा कुमारी साह, जनकपुरधामका मेयर मनोजकुमार साह, राजर्षि जनक विश्वविद्यालयका रजिष्ट्रार सत्यनारायण साहलगायतको उपस्थिति थियो ।
यस्तै, डीन प्रा. विनोदकुमार साह, वडाअध्यक्ष राघवेन्द्र साह, पूर्ववडाअध्यक्ष जानकीराम साह, नेपाल तेली कल्याण समाजका केन्द्रीय महासचिव सत्यनारायण साह, सल्लाहकार जगदीश साह, सल्लाहकार, पूर्व जिविस अध्यक्ष रामचरित्र साह, तेली कल्याण समाज धनुषाका अध्यक्ष ललितकुमार साह, नेपाल वैश्य कल्याण महासंघका धनुषा जिल्ला अध्यक्ष श्याम साह, जनकपुरधाम उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष मनिष रमण साह, उपाध्यक्ष अम्बुप्रसाद साह, दलित नेता राम उदित राम, इञ्जिनियर शम्भू साहलगायतको कार्यक्रममा सहभागिता थियो । सोही कार्यक्रममा स्वर्गीय राम बहादुर साहका शालिक अनावरण गरिएको थियो ।

## के नेपाल–भारत सम्बन्ध खतरामा छ ?

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रधानमन्त्री केपी शर्मा ओली आज आइतबार चौथोपटक प्रधानमन्त्रीकालमा विश्वासको मत लिँदैछन् । यसअघि पनि उनकै समर्थनमा पुष्पकमल दाहाल नेतृत्वको सरकार थियो । दाहालपछि ओली नै प्रधानमन्त्री हुने र एमाले–माओवादी पार्टी एकतासम्मका कुरा थिए । तर हठात् ओली यसबाट पछि हटे र नेपाली कांग्रेसको समर्थनमा प्रधानमन्त्री हुन तयार भए । उनी प्रधानमन्त्री हुँदा कानुनी बाटो मिचेको, नेपालको संविधानको धारा ७२ को उपधारा ३ अनुसार प्रधानमन्त्री चयन हुनु पर्नेमा उपधारा २ नै प्रयोग भएको अनेक विवाद र बहस जारी छन् । प्रधानमन्त्री दुई ठूला दलसँगै मधेशी दलहरुको समर्थनमा भारी अंक ल्याउने गरी विश्वासको मत लिँदैछन् ।
प्रधानमन्त्री ओलीले विश्वासको मत लिइरहँदा नेपाल भारत सम्बन्ध अरु खतराको मोडमा पुगेको भन्दै चर्चा भइरहेको छ । भारतीय पक्षबाट पनि यसको चर्चा भएको छ । पूर्वभारतीय राजदूत केभी राजनले नेपाल–भारत सम्बन्ध खतरामा रहेको टिप्पणी गरेपछि ओलीलाई दक्षिणको छिमेकीले अझै नरुचाएको र नचाहेको भन्ने सन्देश पनि प्रवाह भइरहेको छ । नेपालका लागि भारतीय राजदूत रहिसकेका केभी राजनले ७५ वर्षको नेपाल–भारत सम्बन्धको इतिहासमा यस्तो खराब सम्बन्ध यसअघि कहिल्यै नभएको टिप्पणी गरेका छन् । लामो समय नेपालमा रहेर राजदूत तथा अन्य पदमा काम गरेका राजनले नेपालका तर्फबाट भारतलाई ठूलै खतरा रहेको दाबी गरेपछि विभिन्न कोणबाट उसको उत्तर खोज्न पनि थालिएको छ ।
नेपालबारे राजनको प्रकाशित पुस्तक 'काठमाडौँ क्रोनिकल रिक्लेमिङ इन्डिया–नेपाल रिलेसेन्स' बारे पत्रकारसँगको संवादमा पूर्वराजदूत राजनले भारतलाई नेपालीबाट होइन, अरू देशले नेपाललाई भारतविरुद्ध प्रयोग गर्ने खतराको संकेत गरेका छन् । चीनले नेपाललाई भारतविरुद्ध प्रयोग गरिरहेको उनको दाबी छ । चीन नेपालबारे तिब्बतलाई लिएर मात्र चिन्तित रहेको र तिब्बतकै कारण नेपाललाई उसले विशेष चासो दिएको राजनको दाबी छ ।
नेपाल मामिलाका जानकार मानिएका पूर्वराजदूत राजनले चीनको मामिलामा नेपाल भारतको साथ रहोस् भनेर भारतले चाहेको र भारतका लागि हिमाल एउटा सीमाका रूपमा रहोस् भन्ने अपेक्षा रहेको बताए । पछिल्लो समय नेपाल चीनतर्फ हेर्न थालेको र चीन कार्ड खेल्न थालेको




उनको टिप्पणी छ । उनका बुझाइ छ कि, चीनले नेपालबाट ठूलो स्वरमा बोल्न लागेको छ । नेपाललाई पनि भारतमाथि विश्वास नगर्न भनिरहेको छ । र, राजनको तर्क छ, 'कहिलेकहीँको सन्दर्भमा नेपालले पनि चीनले भनेको मानिरहेको छ ।'
केपी ओली नै प्रधानमन्त्री भएका बेला नेपालले नयाँ नक्सा पारित गरेको र त्यो नक्सालाई एक सय रुपैयाँको नोटमा राख्ने निर्णय गरिसकेकोले यसले भारतलाई निकै गम्भीर बनाएको उनको भनाइ छ । यो घटनाले अब नेपाल–भारतबीच सीमा विवाद कहिले समाधान नहुने उनको दाबी छ । उनले भने, 'नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वमा रहेको सरकारका पालामा र एमालेसँगको गठबन्धनको सरकारले एकसय रुपैयाँको नोटमा नयाँ नक्सा राख्ने निर्णय गरेको हो ।'
नक्सा कार्यान्वयनमा नआए पनि धेरैपछि एक सयको नोट नेपाली जनताले हेर्दा उसलाई लाग्नेछ कि भारतले नेपालको भूमि कब्जा गरेको छ । यसले भारतप्रति नकारात्मक सोच तयार हुने उनले जिकिर गरे । लिपुलेक, कालापानी, लिम्पियाधुरा धेरै पहिलादेखि भारतको अधीनमा रहेको दाबी गर्दै राजनले नेपालले कहिले पनि त्यसमा आफ्नो दाबी नगरेको तर अहिले दाबी गर्नुका पछाडि धेरै कारण रहेको बताए ।
नेपालमा भइरहेको गतिविधिलाई गम्भीर रूपमा अध्ययन गरेर एउटा निष्कर्षमा पुग्नुपर्ने बेला आएको राजनको तर्क छ । 'नेपाल भारतको यति नजिक छ कि हामी सोच्न बाध्य भएका छौँ कि नेपालमा यो के भइरहेको छ ?,' उनले भनेका छन्, 'हामीले बुझ्नुपर्छ नेपालका तर्फबाट पनि खतरा हुनसक्छ । त्यसले रोटीबेटीको सम्बन्धमाथि पनि खतरा हुनसक्छ ।'
राजनले लेखेको पुस्तकमा दरबार हत्याकाण्डबारे भनिएको छ, 'हत्याकाण्ड आइएसआइको योजनामा भएको हो ।' प्रधानमन्त्री केपी ओलीका अघिल्ला कार्यकालहरुमा पनि भारत नेपालसँग सम्बन्ध सुधार गर्न चाहँदा पनि नेपालले नै भारतविरोधी मत बनाएको भारतको बुझाइ थियो । ओलीले नै नेपालको चुच्चे नक्सालाई राष्ट्रियतासँग जोडेर आफूले नै यो काम गरेको बताएका थिए । यसपटक उनी विश्वासको मत लिएर अघि बढ्न खोज्दा शुरुमै नेपाल मामिलाका जानकार भारतीयको टिप्पणी आएपछि भारतसँगको सम्बन्ध सुधारमा ओलीले गर्ने व्यवहार कस्तो हुने हो, बहस शुरु भएका छन् ।

## लोकसेवामा पदाधिकारी नियुक्तिका लागि बैठक आह्वान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अध्यक्षसहित सदस्य नहुँदा निस्क्रिय र प्रयोजनविहीन देखिएको मधेश प्रदेश लोकसेवा आयोगमा पदाधिकारी नियुक्ति प्रक्रिया अघि बढाइने भएको छ । रिक्त पदाधिकारी नियुक्तिका विषयमा छलफल गर्न मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले बिहीबार बैठक बोलाएका छन् ।
प्रदेशमा लगातार सत्ता समीकरण भइरहँदा र विपक्षी दल नतोकिँदा आयोगका पदाधिकारी नियुक्ति प्रक्रिया अघि बढ्न विलम्ब भएको थियो । आयोगमा पदाधिकारी नियुक्तिका लागि मुख्यमन्त्री, सभामुख र विपक्षी दलको नेतासहितको समितिको सिफारिसमा प्रदेश प्रमुखले नियुक्ति गर्ने कानूनी प्रावधान छ । तर लगातार सत्ता समीकरण



भइरहँदा विपक्षी दलका नेता र सरकार दुवै अस्थायी प्रकृतिको बन्दा सरकार जोगाउने र टिकाउने खेल प्रथम भएकाले आयोगमा पदाधिकारी नियुक्ति प्रदेश सरकारको पाठ्यक्रममै पर्न सकेको थिएन ।
सत्ता समीकरण र मुख्यमन्त्रीले पाउने विश्वासको मतको प्रकृतिका कारण विपक्षी दल निक्र्योल हुन बाँकी थियो । सरकारमा नरहेका तर सरकारलाई समर्थन दिने ठूलो दल विपक्षी हुनसक्ने अभ्यासका कारण केही दिनअघिसम्म कांग्रेस पनि सिफारिस समितिको सदस्य हुने स्थितिका कारण सिफारिस समितिको बैठक बोलाइएको थिएन । पछिल्लो समय कांग्रेस सरकारमा सहभागी भएपछि जसपा नेपाल विपक्षी दल बन्ने निश्चित भएको छ ।
बिहीबार डाकिएको बैठकले आयोगमा रिक्त पदाधिकारी नियुक्तिका विषयमा आवश्यक प्रक्रिया अघि बढाइने मुख्यमन्त्री सिंहको भनाइ छ । उनले आफ्नो नेतृत्वमा सरकार गठन भएपछि निश्चित समयभित्र आर्थिक विधेयक ल्याउनुपर्ने र पारित गराउनुपर्ने अवस्था, प्रतिपक्षी दल किटान नहुनु आदिका कारण पदाधिकारीको नियुक्ति सिफारिस हुन नसकेको बताए ।
२०७६ भदौ ४ गते गठन भएको मधेश प्रदेश लोकसेवा आयोगका अध्यक्ष सुरेन्द्रप्रसाद यादव तथा सदस्य महारुद्र झा उमेर हदका कारण केही महिनाअघि पदमुक्त भएका थिए । आयोगमा एकजना सदस्य डा.सुजाता देवकोटा मात्र छिन् । तीन सदस्यीय आयोगमा दुई सदस्य रिक्त हुँदा कर्मचारी नियुक्ति र बढुवालगायतका काम प्रभावित भएका थिए ।
सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने उद्देश्यले सबै प्रदेशमा प्रदेश लोकसेवा आयोग गठन हुने संवैधानिक तथा कानूनी व्यवस्था छ ।

## लक्ष्मिनियाँमा ९ कर्मचारी हटाइए



याम बहादुर उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको लक्ष्मीनियाँ गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको आधिकारिक हस्ताक्षरमै ९ कर्मचारी हटाइएको छ । लक्ष्मीनियाँ गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत याम बहादुर उपरकोटीका अनुसार कार्यलयको कार्यबोझ, आर्थिक दायित्व र आवश्यकताको सिद्धान्तलाई मध्यनजर गर्दै करारका ९ कर्मचारी निरन्तरता नदिइएको हो ।
प्रमुख प्रशासकीय अधिकृतका रुपमा दुई महिनामा कार्यपालिकाको बैठक लाइभ गरिएको, इहाजिर व्यवस्थितरुपमा लागु गरिएको, कार्य सम्पादनलाई सन्तोषजनक नगर्नेलाई कार्यबोझ कम गरिएको, वडा र गाउँपालिकास्तर योजनालाई चुस्तदुरुस्त बनाइएको उनले बताए ।
यस्तै, गाउँपालिकाको वेबसाइट र युट्युव च्यानलमा बजेट नीति तथा कार्यक्रम सार्वजनिक गरिएको जानकारी दिए । तर, उच्च अदालत जनकपुरले गाउँ सभाको बजेट, नीति तथा कार्यक्रमका विषयमा स्टे अर्डर जारी गर्र्दै बहुमतबाट पारित गर्न भनेको छ ।

## नगर प्रहरीले गरे व्यापारीमाथि हातपात

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका नगर प्रहरीले वीरगंज, पावर हाउसनजिक रहेको प्राइम अटो ट्रेडर्सका सञ्चालक संदीप गुप्तामाथि हातपात गरेपछि उद्योगी व्यापारीले आक्रोश पोखेका छन् । गुप्ताले महानगरपालिकाको ट्र्याक्टरमा फोहोर पठाउन आफ्नै अफिसको जमिनमा राखेको फोहोरको विषयमा नगर प्रहरीले बिनाकारण ज्यादती गरेको बताएपछि यसले अरु असन्तुष्टि बढेको हो । गुप्ताले केही नगर प्रहरी अफिसको क्याबिनमा गुण्डागर्दी शैलीमा प्रवेश गरी जबर्जस्त ५ हजार रुपैयाँको चिट काट्न लगाएको बताए । उनले महानगरपालिकाले कुन नीतिनियमका आधारमा यस्तो कदम चालेको भनेर प्रश्न गर्दा नगर प्रहरीले



उनलाई अपहरण शैलीमा वीरगंज महानगरपालिका कार्यालय पुर्याएको बताए । गुप्ताले महानगरको यो प्रवृत्तिले महानगरमा 'अशल'हरु 'मसल'सँग डराउनु पर्ने दिन आएको महसुस भएको बताए। उनले भने, 'न हामी अपराधी हौँ, व्यापार व्यवसाय गरेका छौँ, व्यापारीको करबाटै महानगर चल्ने हुँदा मनलाग्दो फाइन काट्ने, भिडियो बनाउने र सामाजिक सञ्जालमा सार्वजनिक गरेर अपमान गर्ने काम कुनै ऐननियममा छैन ।' गल्ती गरेको भए नियमअनुसार जरिवाना काट्ने अधिकार रहेको बताउँदा भिडियो बनाई चरित्रहत्या गरेको र यस्तो अधिकार महानगरलाई नभएको उनले बताए ।
नगर प्रहरीले भिडियो बनाई सार्वजनिक गर्ने धम्की दिएपछि गुप्ता रिसाएका थिए र भिडियो बनाउन प्रतिकार गरेका थिए । गुप्ताले नगर सरसफाइको जिम्मा पाएका नगर प्रहरीले मिना बजार, बिपी पार्क र फुटपाथमा ध्यान केन्द्रित गर्नुको साटो आमव्यापारी तर्साएर सस्तो लोकप्रियता कमाउन खोजेको आरोप लगाए । शहरको मुख्य बजार मिना बजारमा व्यापारीले सडक नै अवरोध गरी व्यापार व्यवसाय सञ्चालन गर्दै आएका छन् । त्यस्तै, बिपी पार्कमा पनि तरकारी तथा फलफूल व्यवसायीसँग मासिक लाखौँ रकम उठाउँदै गरेको आरोप नगर प्रहरीमाथि लाग्दै आएको छ ।

*इतिहास सधैं विजेताहरूबाट लेखिएको हुन्छ । –विन्स्टन चर्चिल*

## सम्पादकीय

# तस्करी अन्त्य कि नयाँनयाँ स्वरुप ?

*पर्साको ग्रामीण इलाकाबाट तस्करी भइरहेको विषयमा हामीले केही दिनअघि समाचार प्रकाशन गरेका थियौँ । वीरगंज बजार आसपासका नाकामा प्रहरीले कडाइ गरिरहँदा पर्साकै ग्रामीण इलाकातिर भनेर तस्करलाई भ्याइनभ्याइ भइरहेको सूचना आयो । प्रहरी निरीक्षककै इशारामा तस्करहरुले काम शुरु गरे भन्ने पहिलो सूचनामा परख गरेका थियौँ । प्रहरीबाटै इशाराविना कसरी तस्करहरु जगमगाउँदो ढंगले रगरगी मच्चाउँछन् भनेर सूचना आएको ३–४ दिनपछि समाचार दियौँ । यसले प्रहरी र तस्करको कहीँ न कहीँ 'दोस्ती' नभई तस्करी मौलाउन्न भन्ने सबैलाई जानकारी नै छ । पछिल्लो समय पर्साका केही समाचारहरुले सबैको ध्यान तानेको छ । समाचार कस्तो बनाउने भन्नेबारे पर्साका पत्रकार जान्दैनन् भनेर बोल्ने र ओ हो, यो त गजबको समाचार हो भन्ने ठानेर छाप्ने, बजाउने, लेख्ने पत्रकारको पनि हामीकहाँ खाँचो छैन । तर यथार्थमा चैँ साँँच्चै लेखिनु पर्ने समाचारहरु के के हुन् भनेर सूची बनाउने हो भने समाचारको खानीभित्र सूचनाका सम्बाहकहरु पुग्न ढिलाइ भइरहेको अनुभव हुने गरेको छ ।*

*शुक्रबार मात्रै हो, वीरगंजको एउटा प्रतिष्ठिन बोर्डिङ स्कुल दिल्ली पब्लिक स्कुलले विद्यार्थी ओसार्न प्रयोग हुने बसमा राजस्व छलेको सामान ओसारेको भिडियो नै बाहिर आयो । स्कुल बसकोसमेत यसरी दुरुपयोग गरेर तस्करहरुले राजस्व मार्ने काम कहिलेदेखि गर्दै आएका थिए, यसको हिसाब छैन । यसमा विद्यालयको बस मात्र प्रयोग भयो या विद्यालय व्यवस्थापन योबारे थाहा भएर पनि कसले के गर्छ र भनेर मौन बस्दै चालक–सहचालकको बदमासी अनदेखा गरिरहेको थियो, यो उसको विषय भयो । यसमा विद्यालय व्यवस्थापन जानकार नहुन पनि सक्छ । तर लुकाउनै नमिल्ने गरी दशीप्रमाणसहित भिडियो नै बाहिर आएपछि जतिसुकै जलप लगाउन खोजे पनि प्रतिष्ठित बोर्डिङ स्कुलले शिक्षा मात्र दिँदैन, राजस्व छल्न र तस्करहरुलाई सामान ओसारपसार गर्न स्कुल बस पनि दिँदोरहेछ भन्ने सन्देश बाहिरिएकै छ । अब कति समयसम्म स्कुललाई यो कालो धब्बा मेट्न कसरत गर्नु पर्ने हुन्छ, त्यसको जिम्मा बोर्डिङलाई नै दिउँ । विद्यार्थी ओसार्ने नाममा पाइरहेको छुटमा यो बदमासी गर्ने जो सुकै कारबाहीको दायरामा आउनु पर्छ ।*

*वीरगंज बजारमै पछिल्लो समय ठूला गोदामहरुमा प्रहरीको छापा सामान्य हुने गरेको छ । वीरगंज बजारमा बिल बिजक भन्दा बढी र बिलमा उल्लेख भएका भन्दा फरक सामान बोक्ने यातायातका साधन नियन्त्रणमा लिन प्रहरी र सशस्त्र प्रहरीबीच एक हिसाबले मुसादौड नै छ कि कसले बढी समात्ने भनेर । यसको अर्थ वीरगंज बजार हेर्दा जति सफेद छ, योभित्र कालो धन्दाको राज छ भन्ने देखिँदै गएको छ । यो कालो पाटोलाई उखेलेर फालेर वीरगंज बजारमा श्वेत कारोबार मात्र हुन्छ, वीरगंज बजार इमानदारिताको सटर हो भन्ने देखाउने प्रयत्न गरिनु जरुरी छ । सत्ता फेरबदल हुँदा वीरगंजमा दोस्रो तहका हेभिवेट नेताहरु बग्रेल्ती आउने गरेका छन् । व्यापारी भेट्ने गरेका छन् । यो बेला कुरा हुन्छ, बाहिर आउँदैन । तर बजारमा भइरहेको बदमासी रोक्ने विषयमा पहल भएन भने सबै कालोधन्दालाई प्रश्रय दिइरहेका छन् भन्ने पहेँलो बसभित्र कालो पदार्थ भेटिएपछि थप भनिरहन पर्ला र ?*

# नेपालमा बाढी र पहिरो



गोविन्द पोखरेल

**बाढी के हो:**
नेपालमा बाढी एक नियमित प्रक्रिया हो । । नेपालम प्रत्येक वर्ष वर्षातका समयमा, साउन भदौ मा बाढी आउछ । यो नौलो कुरा होइन । यो प्रत्येक वर्ष आउछ । कुनै पनि श्रोतबाट पानी आइ पानी बग्ने मार्ग वा खोला वा नदीमा पानीको मात्रा स्वाभाविक वा अस्वाभाविकरुपमा बढ्यो भने त्यसलाइ बाढी भनिन्छ । बाढीको खास परिभाषा यही हो ।

साधारण बाढी नियमित प्राकृतिक प्रक्रिया हो । त्यसैले, यो कुनै प्रकोप होइन । साथै प्रत्येक वर्ष वर्षातका समयमा ठूला बाढी पनि आउछन् । तर सबै ठूला बाढीहरु पनि प्रकोप होइनन् । किनभने बाढीहरु सानाठूला त हुन्छन् नै । तर कहिलकहीँ अस्वाभाविकरुपमा अति ठूला बाढी आउन सक्छन जुन साधारणतया १०० वर्ष वा सो भन्दा ठूलो अन्तरालमा मात्र आउने गर्छ । यस्ता अस्वाभाविकरुपका ठूला बाढीलाई प्रकोप मान्न सकिन्छ । यस्ता बाढीका केही उदाहरणमा २०५० सालमा बागमती, पूर्वी राप्ती तथा त्रिशुली जलाधार क्षेत्रमा आएको भिषण बाढी तथा कोशी नदीमा २०१० र २०२५ सालमा आएका अद्वितीय ठूला बाढीलाइ लिन सकिन्छ । बाढी विभिन्न प्रकारका हुन्छन् । जस्तै, साधारण बाढी, ठूला बाढी, असाधारण ठूला बाढी, आयातीत बाढी, व्यवस्थित बाढी, पूर्वव्यवस्थित बाढी, पहाडी बाढी । धेरै बाढीजन्य प्रक्रियालाई नेपालमा पहिरो भन्ने गरिन्छ, यो ठीक नामकरण तथा पहिचान भने होइन । किनभने, बाढी र पहिरो प्रविधिकरुपमा भिन्न प्रक्रिया हुन् । तिनीहरुको व्यवस्थापन तथा रोकथाम पनि भिन्न हुन्छन । त्यसैले, तिनीहरुको उचित व्यवस्थापन र रोकथाम गर्न सही पहिचान र नामाकरण हुन जरुरी छ ।

साधारण, ठूला तथा असाधारण ठूला गरी यी तीन प्रकारका बाढी वर्षात्का समयमा खोलानालामा आउने गर्छन् भने आयातीत बाढी भिभिन्न क्रियाकलापसँग सम्बन्धित निर्माणले गर्दा सिर्जित भएका हुन्छन्, जस्तै, कुलेखानीको ईन्द्रसरोवर, तराईमा बाढी नियन्त्रणका लागि निर्माण गरिएका बाँधहरुका कारण आउने बाढी, २०६५ सालको भदौ महिनामा सप्तकोशीको कुशाहाबाट आएको बाढी । कुलेखानीको ईन्द्रसरोवर जस्तो पानीको व्यवस्थित सञ्चालन गर्न निर्माण गरिएका पोखरी र तालमा पानी जम्ने जमाउने कार्यले पोखरी तथा पोखरी निर्माणस्थलका बासिन्दामा ल्याएको बाढी । नेपाल भारतको सिमानामा भारतले अन्तर्राष्ट्रिय कानून तथा मानवीय मर्मविपरीत नेपालभित्र डुबान हुने गरी निर्माण गरिएका संरचनाका कारण सिर्जित बाढीहरु पूर्वव्यवस्थित बाढीको श्रेणीमा पर्दछन् । तथा नेपाल भारत सम्झौताका आधारमा भारतद्वारा सञ्चालन सम्भार गरिएका पानी नियन्त्रणसँग सम्बन्धित कोशी, गण्डकी तथा महाकाली टनकपुरजस्ता आयोजनामा भएका प्राविधिक तथा गैरप्राविधिक कारणले नेपालमा सिर्जना भएका बाढीहरुसमेत पूर्वव्यवस्थित बाढीभित्र नै पर्दछन । पहाडका खोल्साखोल्सीमा वर्षायाममा विबभिन्न कारणले आउने भल तथा भलसँगै बगेर आउने गेग्र्यान, माटो र रुखपातजन्य बस्तु, जसलाई सामाजिक सञ्जालमा पहिरो भनिन्छ, त्यस्ता प्रक्रियालाई पहाडी बाढी भन्न उचित हुन्छ किनभने पहिरोको सर्वमान्य परिभाषाभित्र यस्तो प्रक्रिया पर्दैन । अंग्रेजीमा यस्तो प्रक्रियालाइ फ्लो भनेर पहिचान गरिन्छ ।

अब, प्रकोपको कुरा गरौँ । प्रकोप भनेको विपत्ति हो । वर्षातका समयमा वर्षातका कारण आउने बाढी, पहिरो वा अर्को कुनै विपत्ति सबै विपत्तिको स्थायी सामाधान हुनु पर्ने आवश्यकता हो । बाढी र प्रकोपको कुरा गर्दा सबैभन्दा बुझ्न जरुरी के छ भने बाढी प्राकृतिक प्रक्रिया हो तर यसलाई सरकरी अव्यबस्थाका कारण प्रकोपमा परिणत गरिन्छ । सरकारको प्रमुख दायित्व नागरिकको सुरक्षा भए पनि सरकार अनुपस्थित भएको जस्तो अवस्थाले तराईका जनता कम उचाई भएको पानी जम्ने जमीनमा बाँच्न बाध्य छन् भने पहाडका जनता पहिरोको अत्यधिक जोखिम भएका भिरालो जग्गामा बस्न बाध्य छन् । बाढीलाई प्रकोपमा परिणत गराउने विभिन्न कारण जे जस्ता भए पनि त्यसको निराकरणमा निम्नलिखित कमी कमजोरी देखिन्छन् ।

क. पूर्वतयारी कमी
ख. आपतकालीन ज्ञानको कमी
ग. द्विदेशीय सिमाना क्षेत्रमा बनाइएका पानीको बहाव थुन्न सक्ने संरचना र तिनको प्रभावबारे दुवै देशका राजनीतिक दल, राजनीतिक नेताहरुको उदाशीनता र भारतीय पक्षको असहयोगले विद्यमान द्विदेशीय सहकार्य अभाव ।



थप विचार गर्नु पर्ने कुरा के छ भने जलवायु परिवर्तनका कारण माथि उल्लेखित प्रकोप तथा जोखिममा व्यापक वृद्धि भई धनजनको क्षतिमा समेत अकल्पनीय वृद्धि हुन सक्नेछ ।

**समाधानः**
पानी पर्न रोक्ने वा पानी पर्न कम गर्नसक्ने अवस्था अझै विद्यमान छैन । त्यसैले बाढीलाई प्रकोप हुन नदिनु नै रोकथामको प्रमुख उपाय हो । प्रकोपको प्रकृति तथा कारणका आधारमा सामाधानका उपाय खोजिनु पर्दछ । केही यस्ता उपाय निम्नबमोजिम छन्ः

क. तराईमा नदीको सतह बढ्न नदिनु
ख. नेपाल भारत सिमानामा भारततर्फ निर्माण भएका पानीको बहाव रोक्ने खालका संरचना हटाउन पहल गरी हटाउने ।
ग. नदीहरुमा बाढीको पानीको सतह घटाउने उपाय गर्ने ।
घ. बाँधहरुको निर्माण गरेर बाढीको प्रकोप कम गर्ने
ङ. पहाडमा भल तथा पहिरोको जोखिम भएका ठाउँहरु पहिचान गरी बस्ती व्यबस्थापन गर्ने ।

पहाडमा जोखिम कम गर्न साना पहिराका लागि साना संरचना निर्माणका साथै भूक्षय कम गर्ने उपाय गर्ने तथा ठूला जोखिमका लागि विशेष प्रकारका पहिरो नियन्त्रण गर्ने संरचना डिजाइन तथा निर्माणका साथै अन्य आवश्यक रोकथामका कार्यहरु गर्ने–गराउने ।

पहाडमा पुनर्भरण पोखरीको उचित व्यबस्थापनबाट पानीका मूलहरुको संरक्षणका साथैपहिरोतथाभलकोजोखिमकमगर्नसकिन्छ ।

# समाधानका १२ उपाय

१. तराईमा पूर्व–पश्चिमको सट्टा उत्तर–दक्षिण सडक निर्माण गर्ने
२. पानीको निकास हुने नाला अतिक्रमणलाई हटाई पूर्ववत रुपमा कायम गर्नुपर्ने
३. नदीको तटवर्ती क्षेत्रमा इँटका लागि माटो उत्खनन् गर्न रोक लगाउने र जलप्रवाहलाई अवरोध हुने गरी माटो उत्खनन् गर्ने र इँट बनाउने कार्यलाई नियन्त्रित गर्ने । इँटको आपूर्तिलाई भरपर्दो बनाउन भारतीय इँटको आयात सहज बनाउने ।
४. नदी श्रोतमा अवैज्ञानिक उत्खनन् बन्द गर्ने र आवश्यक पर्ने निर्माण सामग्री नेपाल सरकारले आफ्नै संयन्त्र बनाई उत्खनन् एवम् वितरण गर्ने
५. पहाडमा सडक मार्गलाई रज्जुमार्ग र केबलकारले विस्थापन गर्ने र रणनीतिक महत्वका नभई नहुने राष्ट्रिय राजमार्गबाहेक पहाडी क्षेत्रमा सडक बनाउन प्रतिबन्ध लगाउने ।
६. नदीमा तटबन्ध गर्दा वर्षाको पानीलाई आधार पानी त्यो सीमा भन्दा बाहिर पानी जान नपाउने गरी अग्ला पर्खालहरु लगाउने र वर्तमान टी आकारका तटबन्धलाई विस्थापन गर्ने
७. जलप्रवाह क्षेत्रमा सदावहार वनको विकास गर्ने र त्यस्ता संवेदनशील क्षेत्रमा कुनै पनि प्रकारका विनाशक क्रियाकलापमाथि प्रतिबन्ध लगाउने
८. पहाडमा माटो बग्न रोक्ने गरी वस्ती विकास गने र तराईमा पानीको निकासमा बाधा नपर्ने गरी शहर बस्ती विकास र अन्य संरचना निर्माण गर्ने । माथिल्लो बस्तीलाई डुबानमा पर्ने गरी तल्लो बस्तीमा कुनै पनि प्रकारका बस्ती विकास निर्माणजन्य गतिविधिमा प्रतिबन्ध लगाउने ।
९. नदीका दुवै किनारामा वन करिडोरको व्यवस्था गरी ती क्षेत्रमा कुनै प्रकारका बस्ती विकास नगर्ने र भएका बस्ती व्यवस्थित रुपमा भित्री क्षेत्रमा स्थानान्तर गर्ने
१०. पहाडमा गएको पहिरो र पहिरो जाने सम्भावित क्षेत्रमा रोकथामका कार्यक्रम व्यापकरुपमा सञ्चालन गर्ने । सम्भावित क्षेत्रमा पहिरो रोक्ने गरी वन क्षेत्रको विकास गर्ने
११. पहाडी भेगमा नदीहरुको वर्षातको बाढीलाई एक्कासी तराई क्षेत्र वा बेशीसम्म पुग्न रोक्न ठूला ठूला सरोवरहरु बनाउने र ती सरोवरलाई जलविद्युत् र सुक्खा याममा सिँचाइका लागि प्रयोग गर्ने । यसका लागि भारत र बंगलादेशसँग मिलेर संयुक्त प्रकल्पहरु सञ्चालन गर्ने
१२. तराईमा नहर निर्माण गर्दा जलप्रवाह कम हुने र नहरको तटमा कम चाप पर्ने र मूल नदीको पानी ह्वात्तै नहरमा पस्ने खतरा रोक्ने गरी नहरहरु निर्माण गर्ने । समग्रमा भन्नुपर्दा नेपाल बाढी र पहिरोबाट मुक्त हुने तथा भारत र बंगलादेश बाढी र सुक्खाबाट मुक्त हुने उपरोक्त विषयउपर सबैको ध्यान जान आवश्यक छ ।

फेसबुकबाट

# २७ वर्षदेखि उस्तै मुग्लिन सडक

चितवन मुग्लिन सडक मैले हेर्दाहेर्दै २७ वर्ष नाघ्यो । तर त्यो सडक जनताको हकहितमा कहिल्यै भर पर्दोरहेन । जहिले पनि जोखिमपूर्ण रहयो । यात्रुको मनमा डरत्रास रहिरह्यो । आफ्नो ठाउँबाट यात्रा गर्दा भोलि सही सलामत काठमाडौँ पुगिन्छ या देशका अरु भूगोलको गन्तव्यमा पुगिन्छ कि पुगिन्न भन्ने मनमा चिन्ता र उता घरपरिवारलाई पनि फोन नआएसम्म घरमा भगवान पुकारा गरिरहनु पर्ने अचम्मको विडम्बना बनिरह्यो । पञ्चायतकालदेखि प्रजातान्त्रिक व्यवस्थासम्म पनि सुधार भएन । लाजमर्दो स्थिति भयो । जहिले पनि मर्मत र ठेक्का । यो दुईवटा कामले ठेकेदार र बिचौलिया तथा मन्त्री र दलाल नेताहरुको घर चैँ ठूलाठूला र सेता मार्बलका बने । तर, यता यात्रा गर्नेहरु मरिरहे र उनीहरुको लाशमा सेता कफन चढिरहे, हुँदाहुँदा यो वर्ष त लाश पनि नभेटिएर कुशको बनाएर जलाउनु पर्ने अवस्था बन्यो । यो वर्ष त सरकारले १० दिनसम्म बेपत्ता भएकाले मृतकसरह राहत उपलब्ध गराउने भन्ने अवस्थामा पुग्यो । उनीहरुका घरपरिवार हेर्ने अभिभावक गुमे । कसैको बाबाआमा, दिदीबहिनी, दाजुभाइ गुमे, कसैले सिन्दुर त कोही आमाबुबा गुमाउन पुगे । छोराछोरी टुहुरा हुनु पर्‍यो । यता, आफूलाई जनताको सेवक भन्ने ठूला दल सरकारमा जाने भनेर खुशियाली मनाइरहेका छन् । जनताको घरमा आफन्त गुमाउनुको पीडा र रुवाबासी छ । कस्तो सरकार, देशको कस्तो विडम्बना ? यी नेताहरु, ठेकेदार र बिचौलियाको घरमा यस्तो घटना भएको भए के हुन्थ्यो ? अनि आफन्त गुमाएको पीडा र आँशुको अर्थ आफ्नो गुमाएर 'शोक' के हो भन्ने थाहा हुन्थ्यो यिनलाई पनि । जहिले पनि जनताका छोराछोरी मर्नुपर्ने नियती छ । 'सलाम' छ अहोरात्र खटिएका सुक्षाकर्मीलाई । अहिले पनि बेलैमा चेत गर सरकार । अब अरु कति नागरिक निहत्था मार्छौ ? जुन दिन जनता उठ्छन्, त्यो दिन के हाल होला सरकारको ?



–मनोज चौधरी

अन्तर्राष्ट्रिय

# पुल खस्दा ११ को मृत्यु, ३० भन्दा बढी बेपत्ता

**चीन ।**
उत्तरी चीनमा रहेको राजमार्गको पुल नदीमा खस्दा एघार जनाको मृत्यु भएको छ । यस्तै, घटनामा ३० जनाभन्दा बढी बेपत्ता भएको स्थानीय सञ्चार माध्यमले बताएका छन् ।

प्रान्तीय जनसम्पर्क विभागलाई उद्दत गर्दै समाचार एजेन्सी सिन्ह्वाका अनुसार शुक्रबार राति करिब ८:४० बजेको भीषण वर्षाले निम्त्याएको आकस्मिक बाढीका कारण सान्क्सी प्रान्तको साङ्लुओ नदीमा रहेको पुल भत्किएको हो । राजमार्गको पुल तल नदीमा खसेपछि लगभग बीसवटा सवारी साधन र तीस जनाभन्दा बढी व्यक्ति बेपत्ता भएको स्थानीय सञ्चार माध्यमले जनाएको छन् । हालसम्म उद्धार गरिएका पाँचवटा गाडीभित्र ११ जनाको शव फेला परेको हो बताइएको छ ।



उत्तरी र मध्य चीनमा मंगलबारदेखिको निरन्तर वर्षाले यहाँको भूभाग बाढीपहिरोबाट प्रभावित भएको छ ।

यस्तै शुक्रबार सान्क्सीको बाओजी शहरमा आएको बाढीपहिरोबाट पाँच जनाको मृत्यु भएको र आठ जना बेपत्ता भएको छ ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# ‘विभेद अन्त्यका लागि दलित पत्रकारको भूमिका महत्वपूर्ण’




**मधेशदृष्टि**
**सिरहा ।**
मधेश प्रदेशको मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलाश दासले दलित समुदायमाथि हुने विभेद अन्त्यका लागि दलित समुदायका पत्रकारको भूमिका महŒवपूर्ण हुने बताएका छन् । धेरैले दलित पत्रकारहरू किन सङ्गठित हुनुप¥यो भन्ने प्रश्न गर्ने गरेका सुनाउँदै उनले भने– ‘पीडितको पीडा सबै भन्दा बढी आफैँलाई थाहा हुने भएकाले दलित समुदायले पनि आफैँ संस्था खोलेर सङ्गठित हुनु स्वाभाविक हो ।’
युएसएआइडी नेपालको आर्थिक, द एसिया फाउन्डेसनको कार्यान्वयन र दलित सरोकार मञ्च नेपालको प्राविधिक सहयोगमा मधेश प्रदेशमा सञ्चालित युएसएआइडी सिभिक सोसाइटी एन्ड मिडिया एक्टिभिटी अन्तर्गत दलित समुदायका नागरिक समाज, जनप्रतिनिधि र पत्रकारहरूको सञ्जाल निर्माण र परिचालन परियोजनाअन्तर्गत दलित पत्रकार सञ्जालका पदाधिकारीहरूका लागि आयोजित दुई दिने क्षमता विकास तालिम समापन अवसरमा दासले यस्तो धारणा राखेका हुन् ।
सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्दै उनले दलित समुदायका पत्रकारहरू हरेक कुरामा पछाडी पारिएकाले उनीहरूबीच समस्या पनि धेरै रहेको बताए । त्यसैले सबै मिलेर यस्ता चुनौतीको मुकाबिला गर्न पनि उनले सुझाव दिए । साथै मिडिया काउन्सिलले उपलब्ध गराउने लेखनवृत्तिलगायतका सुविधा प्राप्त गर्न पहलकदमी लिन पनि सहभागीहरूसँग आग्रह गरे ।
तालिमका सहभागी दलित पत्रकार सञ्जालका पदाधिकारीहरूले तालिमबाट आफूहरूले पत्रकारिताका आधारभूत जानकारी हासिल गरेको र त्यसलाई काम गर्ने क्रममा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । उनीहरूले पत्रकारिता पनि एउटा सिप नै भएकाले यो सिपको प्रयोगमार्फत दलित समुदायले भोग्नुपरेका उत्पीडनलाई बाहिर ल्याई समाधानका लागि अधिकतम पहल गर्ने बताएका थिए ।
तालिमका सहभागी रौतहटस्थित वृन्दावन नगरपालिकाका पत्रकार राजेश पासवानले अहिलेसम्म आफूहरूले यति जानकारी पनि नपाएको अवस्थामा यहाँबाट फर्केपछि गरिने पत्रकारिता अझ सशक्त तुल्याउन ऊर्जा मिलेको बताए ।
तालिमका क्रममा सहभागी पत्रकारहरूले मधेश प्रदेश सरकारले जारी गरेको दलित सशक्तीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७६ लागु गराउने, पालिकाहरूले वितरण गर्ने बजेटमा देखिएको दलित विरोधी भावनाविरुद्ध अभियान चलाउने र सँगैसँगै पत्रकारको क्षमता अभिवृद्धिका उपायहरू पनि खोजी गर्ने बताएका थिए ।
तालिमका सहभागी जनकपुरका पत्रकार कुलदीप दासले भने– ‘हामीले प्रगति गर्न नसक्नुमा यस्तो तालिम अभाव पनि एक हो । जुन तालिममा सहभागी हुन पाएपछि निकै खुसी लागेको छ । अबका दिनमा पनि दलित सरोकार मञ्चले यस्ता क्षमता विकासका अवसरलाई निरन्तरता दिनुपर्छ ।’
तालिममा मधेश प्रदेशका ८ वटै जिल्लाका दलित पत्रकार सञ्जालका पदाधिकारीहरू सहभागी थिए । जसले आफूहरूले भोग्नुपरेका समस्या, तिनबाट मुक्तिका लागि अपनाउनुपर्ने उपाय तथा यसका लागि आवश्यक पर्ने स्रोत र मार्गबारे व्यापक मन्थन गरेका थिए । साथै उनीहरूले आफू र आफू आबद्ध सञ्चार संस्थाका सबल र दुर्वल पक्षबारे छलफल गरेका थिए भने अवसर र चुनौती पनि निक्र्योल गरेका थिए ।
तालिमका क्रममा प्रशिक्षक डा. विजयप्रसाद मिश्रले पत्रकार नेतामा हुनुपर्ने गुणबारे बताउँदै उनीहरूले आफ्नो समुदायले भोग्नुपरेका पीडा उजागर गर्न कस्तोखालका उपाय र शैलीहरू अपनाउनुपर्छ भन्नेबारे प्रशिक्षण दिएका थिए । कमजोरी पत्ता लगाइ त्यसबाट सिक्ने प्रक्रियाले मात्र टुङ्गोमा पु¥याउने उनको सुझाव थियो ।
त्यसैगरी अर्का प्रशिक्षक पत्रकार रघुनाथ लामिछानेले पत्रकारितामा स्रोत आवश्यक किन पर्छ, यो कति प्रकारका हुन्छन्, कसरी सूचना प्राप्त गर्ने, सार्वजनिक निकायले सूचना दिएनन् भने कस्तो कानुनी मार्ग अवलम्बन गर्ने भन्ने जस्ता जानकारी गराएका थिए । साथै उनले पत्रकारितामा भाषाको भूमिका कस्तो हुनुपर्छ भन्नेबारे पनि सहभागीलाई मसिनो तरिकाले जानकारी गराएका थिए ।
यो कार्यक्रम आयोजना गर्ने दलित सरोकार मञ्च, नेपालका कार्यकारी निर्देशक भोला पासवानले दुई दिने तालिमबाट दलित समुदायका पत्रकारले कति सिके भन्ने भन्दा पनि आठै जिल्लाका एउटै र उस्तै पीडा भएका समुदायका पत्रकारहरूको एउटै थलोमा उपस्थिति सबै भन्दा ठूलो विषय रहेको बताए ।
उनले भने– ‘यो अभूतपूर्व सहभागितालाई शक्तिमा परिणत गर्दै अगाडि बढ्न सकियो भने दलित समुदायले खेप्नुपरेका समस्या चाँडै हल हुनेमा शङ्का छैन ।’

# विकासको काममा इमान्दार भएर लाग्ने मन्त्रीको प्रतिवद्धता

**सञ्जय मिश्रा**
**रौतहट ।**
मधेश प्रदेश सरकारका अर्थमन्त्री सुनिल कुमार यादव(जितेन्द्र)लाई गृह क्षेत्र रौतहट ३ (ख) अन्तर्गत कटहरिया बजारमा एक समारोहका बीच भव्य स्वागत गरिएको छ । अर्थ मन्त्रीको कार्यभार सम्हाले पछि पहिलो पटक पुगेका सुनिललाई सनिबार कटहरियाका जनप्रतिनिधि, ब्यापारी तथा नगरवासीले फूलको माला लगाई, खाँदा ओढाएर स्वागत गरेका थिए ।
स्वागत समारोहलाई सम्बोधन गर्दै मन्त्री यादवले यसअघि क्षेत्र ३ को संघीय सांसदको रुपमा नेतृत्व गर्दा पनि सकेजति विकास गरेको भन्दै आगामी दिनमा पनि आफू लागिपर्ने बताए ।
यहाँका जनताले दिएको प्रदेश सांसदको अभिभारा पनि पूर्ण इमान्दारिताका साथ निभाउँदै अर्थ मन्त्रीको हैसियतले यस क्षेत्रको समग्र विकासमा कुनै कसर बाँकी नराख्ने मन्त्री यादवले प्रतिवद्धता जनाए । देशको वर्तमान निर्वाचन प्रणालीले कुनै पनि दलको एकल बहुमत ल्याउन नसक्ने जिकिर गर्दै मन्त्री यादवले मिलिजुली बनेको सरकारले विकासलाई गती दिन नसकेको गुनासो गरे ।



हाल मधेश प्रदेशको शिक्षा, स्वास्थ, सडक पूर्वाधारको अवस्था दयनीय रहेको चर्चा गर्दै उनले सबै क्षेत्रको सुधारका आफू इमान्दारिताका साथ लाग्ने विश्वास व्यक्त गरे । ‘शिक्षातर्फ प्रदेश सरकारले लगानी गरेर विद्यालयको भवन त निर्माण गर्छ तर शिक्षक दरबन्दीको लागि केन्द्रकै मुख ताक्नु पर्ने वाध्यता रहेको छ ।
शिक्षालाई गुणस्तरिय बनाउन सरकारसंगै अभिभावकको भूमिका हुनुपर्छ’ कांग्रेस जिल्ला सभापतिसमेत रहेका अर्थमन्त्री यादवले भने । स्वागत समारोहमा नेपाली कांग्रेस रौतहटका उपसभापति रामालोचन जैसवाल, क्षेत्रीय सभापति सर्फलाल गुप्ता, कटहरियाका वडाध्यक्षहरु, ब्यापारी योगेन्द्र साहलगायतले स्वागत गर्दै क्षेत्रको समग्र विकासको लागि अर्थ मन्त्री यादवको ध्यानाकर्षण गराएका थिए ।

# सिरहामा एक पुरुषको शव फेला

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहामा एक जना पुरुषको शव फेला परेको छ । खेतमा रहेको पानीमा डुबेको अवस्थामा एक पुरुषको शव फेला परेको हो । सिरहाको गोलबजार नगरपालिका–८ बलकावा जाने बाटो छेउमा रहेको सगुन इटा भट्टा अगाडिको खेतमा पानीमा घोप्टो परेको अवस्थामा एक पुरुषको शव फेला परेको प्रहरीले जनाएको छ ।
गोलबजार नगरपालिका–८ सिडियो टोल बस्ने करिब ६० वर्षका मनोज थापा भन्ने व्यक्तिको शव रहेको इलाका प्रहरी कार्यलय गोलबजारले जनाएको छ । बुधबार रातिदेखि हराएका थापाको शव शनिबार गाउँभन्दा करिब एक सय मिटर दुरीमा रहेको खेतमा जमेको पानीमा फेला परेको हो । शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल लहान पठाइएको प्रहरीले जनाएको छ ।
त आवमा सबैभन्दा धेरै राजस्व सम्पत्ति करमा उठाएको छ । सो शीर्षमा महानगरले २० करोड छ लाख रुपैयाँ राजस्व संकलन गरेको छ । त्यस्तै घरबहाल करबापत ११ करोड ७७ लाख रुपैयाँ राजस्व संकलन गरेको महानगरले जनाएको छ ।
महानगरको गत आवमा पुँजीगततर्फ एक अर्ब आठ करोड ९२ लाख रुपैयाँ विनियोजन गरेकोमध्ये ६८ करोड १० लाख रुपैययाँ खर्च गरेको छ । त्यस्तै चालु खर्चतर्फ दुई अर्ब ५६ करोड ५८ लाख रुपैयाँ बजेट विनियोजनमध्ये एक अर्ब ७५ करोड ६९ लाख रुपैयाँ खर्च गरेको महानगरले जनाएको छ ।

# सिराहा भन्सारको राजस्व संकलनमा कमी

**मधेशदृष्टि**
**सिरहा ।**
सिराहा नगरपालिका वडा नम्बर १७ माडर खैरटोकास्थित भन्सार कार्यालयको राजस्व असुलीमा कमी आएको छ । भन्सार कार्यालयले गत आर्थिक वर्ष २०८०–०८१ मा लक्ष्यभन्दा कम राजस्व संकलन गरेको हो । सिराहा भन्सार कार्यालयले गत आर्थिक वर्ष २०८०–०८१ मा नौ करोड ४६ लाख आठ हजार रुपैयाँ र छोटी भन्सार कार्यालले ४६ लाख ५० हजार तीन सय ७४ रुपैयाँ गरी नौ करोड ९२ लाख ५८ हजार तीन सय ७४ रुपैयाँ राजस्व सङ्लकन गरेको सिराहा भन्सार कार्यालय प्रमुख तोयानाथ सापकोटाले जानकारी दिए ।
कार्यालयले गत आव २०८०–०८१ मा ११ करोड ९९ लाख ५५ हजार रुपैयाँ राजस्व असुली गर्ने लक्ष्य लिएको थियो । सापकोटाका अनुसार आव २०८०–८१ मा राजस्व चुहावट, चोरी पैठारी रोक्न नियमित भन्सार गस्तीबाट छ सय ११ मुद्दा चलाई पाँच करोड ६८ लाख १३ हजार ३१ असुली भएको छ । तीमध्ये भन्सार गस्तीबाट ३३, सशस्त्र प्रहरीबाट चार सय ९० र जनपथ प्रहरीबाट ८८ मुद्दा दर्ता भई सो रकम असुली भएको हो । चालु आवमा १२ करोड १२ लाख ९२ रुपैयाँ राजस्व उठाउने लक्ष्य भन्सार कार्यालयले पाएको छ ।
भन्सार कार्यालय प्रमुख सापकोटाले गत वर्षको राजस्व असुलीमा आर्थिक मन्दीको प्रत्यक्ष असर परेको बताए ।
‘भारततर्फ जयनगर बजार जाने बाटो स्तरीय नरहेकाले ठूला गाडीमा व्यापारिक र औद्योगिक वस्तुको आयात नहुँदा पनि राजस्व असुलीमा असर परेको हो’, उनले भने । आव २०७९–८० मा १९ करोड ९५ लाख ४६ हजार रुपैयाँ राजस्व असुल गर्ने लक्ष्य लिएकामा नौ करोड ३६ लाख १० हजार मात्र संकलन भएको थियो । चोहर्वा–सिराहा खण्ड विस्तार ढिलाइ हुँदा यस क्षेत्रको व्यापारमा असर परेको सापकोटाको बुझाइ छ ।

# अवैध काठसहित भारतीय गाडी नियन्त्रणमा

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको गुजारा नगर क्षेत्रबाट अवैध सालको गोलिया काठसहित भारतीय नम्बरको सफारी गाडी नियन्त्रणमा लिइएको छ । विशेष सूचनाको आधारमा सशस्त्र प्रहरीको अस्थायी बेस हरिनगरका प्रमुख सई कृष्णनन्दन यादवको कमान्डमा सब डिभिजन वन कार्यालय जंगलसहियाबाट गएको संयुक्त टोलीले शनिबार बिहान गुजरा ४ लालबकैया नदी किनारबाट उक्त काठसहितको सफारी गाडी नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिएको एचपी ३१ सी ०७३३ नम्बरको सफारी गाडीमा जङ्गलबाट अवैध चोरीलुकी ल्याइएको ५ थान सालको गोलिया २० क्युबिफिट काठ बरामद भएको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी विक्रम हुमागाईंले बताए । गस्ती टोलीलाई देखेर गाडी चालक फरार भएको एसपी हुमागाईंले जानकारी दिए । बरामद काठ र गाडीसहितको कुल १५ लाख ६० हजार मूल्याङ्कन गरी आवश्यक कारबाहीको लागि सब डिभिजन वन कार्यालय जंगलसहियामा बुझाइएको सशस्त्र प्रहरीद्वारा जारी सूचनामा उल्लेख गरिएको छ ।




# महानगरद्वारा ६१ करोड राजस्व संकलन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले गत आर्थिक वर्ष २०८०–०८१ मा ६१ करोड ४७ लाख रुपैयाँ राजस्व संकलन गरेको छ । महानगरपालिकाले संकलन गरेको उक्त राजस्व अघिल्लो आवको तुलनामा चार करोड ४५ लाख रुपैयाँले बढी भएको महानगरपालिका राजस्व महाशाखा प्रमुख मनोज कर्णले बताए । उनका अनुसार गत पुसमा बजेट संशोधन गर्दै ९० करोड राजस्व संकलन गर्ने लक्ष्य राखेपनि सो अवधिमा ६१ करोड ४७ लाख राजस्व संकलन गरेको हो ।
राजस्व महाशाखा प्रमुख कर्णले वीरगंज महानगरमा गत आवमा करको दायरा पनि बढाउन नसकिएको बताए । गत आवमा घरेलु उद्योग तथा वाणिज्य उद्योग धेरै बन्द भएको र जसको असर राजस्व सङ्कलनमा पनि परेको उनको भनाइ छ । महानगरले गत आवमा सबैभन्दा धेरै राजस्व सम्पत्ति करमा उठाएको छ । सो शीर्षमा महानगरले २० करोड छ लाख रुपैयाँ राजस्व संकलन गरेको छ । त्यस्तै घरबहाल करबापत ११ करोड ७७ लाख रुपैयाँ राजस्व संकलन गरेको महानगरले जनाएको छ । महानगरको गत आवमा पुँजीगततर्फ एक अर्ब आठ करोड ९२ लाख रुपैयाँ विनियोजन गरेकोमध्ये ६८ करोड १० लाख रुपैययाँ खर्च गरेको छ । त्यस्तै चालु खर्चतर्फ दुई अर्ब ५६ करोड ५८ लाख रुपैयाँ बजेट विनियोजनमध्ये एक अर्ब ७५ करोड ६९ लाख रुपैयाँ खर्च गरेको महानगरले जनाएको छ ।

# राजविराजको मुख्य बजारमा सिसी क्यामरा जडान



**मधेशदृष्टि**
**राजविराज ।**
राजविराजको मुख्य बजार क्षेत्रमा सिसी क्यामरा जडान गरिएका छन् । गत आर्थिक वर्षको नगरसभाले विनियोजन गरेको ५० लाख रुपैयाँ बजेटबाट राजविराज नगरक्षेत्रभित्र एक सय २३ ठाउँमा क्यामरा जडान गरिएका छन् ।
नगरमा दैनिक चोरीका घटना तथा सवारीसाधनको चाप बढेका कारण त्यसलाई कम गर्ने उदेश्यले सिसी क्यामरा जडान गरिएको राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत प्रविनले जानकारी दिए । राजविराजको गजेन्द्र चोक, दर्शन चोक, राममन्दिर, अदालत रोड, पानीट्यङ्की रोडसहितका ठाउँमा निगरानी गर्न सिसी क्यामरा जडान गरिएको जनाइएको छ ।
नगरपालिकाले नगरक्षेत्रभित्रको सुरक्षालाई मध्यनजर गर्दै नगरलाई उज्यालो बनाउने उद्देश्यले पाँच ठाउँमा फ्लडलाइट र १३ ठाउँमा मिनि फ्लडलाइटसमेत जडान गरिएको राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद गुरुङले जानकारी दिए । जडान गरिएका क्यामराको निगरानी जिल्ला प्रहरी कार्यालय तथा नगरपालिकाले गर्ने उनले बताए । बजारलाई व्यवस्थित गर्न नगरपालिका लागिपरेको उनको भनाइ छ । राजविराज नगर क्षेत्रमा जडान गरिएका सिसी क्यामराका माध्यमबाट नगरको सुरक्षा व्यवस्थासँगै अपराध नियन्त्रण गर्न मद्दत पुग्ने प्रहरी उपरीक्षक गजुसिद्धि बज्राचार्यले बताए ।

# महिलालाई उद्योग व्यापारमा प्रेरित गर्न वीरगंजमा प्रदर्शनी



**मधेशदृष्टि**
**वीरगंज ।**
महिलाहरुलाई व्यापार तथा उद्यमक्षेत्रमा लाग्न प्रेरित गर्ने उदेश्यले वीरगंजमा 'वुमन क्रिएसन'को आयोजनामा व्यापार प्रदर्शनीको आयोजना गरिएको छ । वीरगंजको दियालो लर्डस होटलमा आयोजित कार्यक्रममा महिलाद्धारा उत्पादित घरेलु हस्तकलाका सामाग्री, खाद्य सामाग्री, श्रृंगार सामाग्री, तयारी कपडा, इलेक्ट्रोनिक सामान, फाष्टफुडका विभिन्न परिकार सहितका स्टलहरु गरी ७० वटा स्टल राखिएको छ । हिजोको वीरगंज भन्दा आजको वीरगंजमा अझै उद्यमशील, शिजर्नशील भएकोले यहाँका महिला पनि नयाँ किसिमले व्यापार व्यवसायको प्रवद्धनमा लागेकोमा प्रदर्शनी अवलोकनकर्ताहरुले खुसी व्यक्त गरेका थिए । यो अभियानले वीरगंजको आर्थिक विकासमा थप मद्दत पुग्ने भन्दै महिलाहरुलाई अझ मेहनत र प्रतिबद्धताका साथ लाग्न सुझाव दिइएको थियो ।

माडवाी समुदाय पहिले देखिनै समाजसेवा र व्यापारमा आफ्नो प्रभाव देखाएको बेला सो समुदायका महिलाहरु पनि उद्योग व्यापारमा मेहनत र समर्पण भावले लागेकोले यसले वीरगंजमा सकारात्मक प्रभाव देखिने प्रदर्शनीमा पुगेका एक जना सहभागीले बताए ।

कार्यक्रममा मधेश प्रदेश उद्योग बाणिज्य महासंघका अध्यक्ष अशोक टेमानीले प्रदर्शनीमा भारतबाट समेत स्टलहरु आएको र यो मेला अन्तर्राष्ट्रिय एक्स्पोको रुपमा स्थापीत भएको दाबी गर्दै महिलाहरुको सक्रियतामा प्रदर्शनीको आयोजना हुनुले वीरगंजका महिलाहरु सक्षम रहेको उदाहरण प्रस्तुत गरेको बताए । कार्यक्रममा वीरगंज स्थित भारतीय महाबाणीज्य दूतावासका बाणिज्य दूत सन्जय कुमारले वीरगंजमा झण्डै २ हजार माडबारी परिवारको बसोबास रहेको र उनीहरु उद्योग, व्यापार र समाज सेवामा सक्रिय रहेकोमा खुशी व्यक्त गरे । 'वुमन क्रिएसन' वीरगंजकी अध्यक्ष अन्जु रुंगटाको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा वीरगंज उद्योग बाणिज्य संघका अध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष माधब राजपाल, बरिष्ठ उद्योगपति अशोक बैद्य लगायतका उद्योगी व्यवसायीहरुको सहभागीता रहेको थियो ।

# आज विश्वासको मत लिँदै प्रधानमन्त्री ओली



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले आज (आइतबार) प्रतिनिधिसभामा विश्वासको मत लिँदै छन् । दिउँसो १ बजे बस्ने प्रतिनिधि सभा बैठकमा प्रधानमन्त्री ओलीले विश्वासको मत लिने कार्य तालिका तय भएको छ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेपाली कांग्रेसको समर्थनमा असार ३० गते प्रधानमन्त्रीमा नियुक्त भएका हुन् ।

प्रधानमन्त्री पदमा नियुक्त भएपछि ३० दिनभित्र संसद् बैठकबाट विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ । सोही व्यवस्था अनुरुप प्रधानमन्त्री ओली विश्वासको मत लिन लागेका हुन् ।

प्रधानमन्त्री ओलीलाई एमालेका ७८, नेपाली कांग्रेसका ८८, अशोक राई नेतृत्वको जसपा ७, जनमत पार्टी ६, उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल ५, लोसपा ४, नागरिक उन्मुक्ति पार्टी ४, स्वतन्त्र २ गरी एक सय ९४ सांसद विश्वासको मतको पक्षमा देखिएका छन् । संसदमा अहिले कायम संसद् संख्यामध्ये विश्वासको मत प्राप्त गर्न एक सय ३८ मत आवश्यक पर्छ ।

नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेकपा एकीकृत समाजवादी पार्टी र राप्रपाले प्रधानमन्त्रीको विपक्षमा मतदान गर्ने निर्णय गरिसकेका छन् । संसदमा प्रतिनिधित्व गर्ने साना दल नेमकिपा एक, राष्ट्रिय जनमोर्चा एक र एक जना स्वतन्त्र सांसद प्रभु साहले मत कता दिने विषयमा निर्णय गर्न बाँकी छ । गत असार १७ गते राति कांग्रेस र एमालेबीच सत्ता साझेदारी गर्ने सात बुँदे सहमति अनुरुप ओलीको नेतृत्वमा नयाँ सरकार गठन भएको हो ।

# राज्यकै संरक्षणमा भ्रष्टाचार भइरहेको छः प्रभु साह




**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टी (आजपा) का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले भ्रष्टाचारीलाई जहाँ देख्यो त्यही जनकारवाही गर्न निर्देशन दिएका छन् । मुलुकमा दिनदिनै भ्रष्टाचार संस्थागत हुँदै गएकोले मुलुक समृद्ध हुन नसकेको उनले बताए । आजपा निकटको आईटी आर्मीको तेस्रो स्थापना दिवसको अवसरमा शनिबार काठमाडौंमा आयोजित शुभकामना अदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष साहले यस्तो निर्देशन दिएका हुन् । सरकारको मुख्य नेतृत्व नै भ्रष्टाचारमा लागेकोले कुनै पनि सरकारी निकायबाट भ्रष्टाचारीलाई कारवाहीको अपेक्षा गर्नु भनेको 'गोरुबाट दुध पाउँने कल्पना गरे जस्तै हो' भएको टिप्पणी उनको छ ।

'देशमा भ्रष्टाचार बढदै गएको कारण मुलुकमा बिकास रोकिएको यथार्त हामी सामु छ । नेपालको सम्पती लुटेर दिन दहाडै विदेश लगिदैछ । भ्रष्टाचारको काण्डै काण्डले देश बर्वाद हुदैछ । सरकारी निकायले भ्रष्टाचारीको अगाड़ी निरीह छ, केही गर्न सकीरहेको छैन् । भ्रष्टाचारीलाई राज्यकै संरक्षण छ' आजपा अध्यक्ष साहले भने, 'यस्तो अवस्थामा हामी चुप लागेर बस्न मिल्दैन् । हामीले मुलुकलाई समृद्ध बनाउन, सुशासन कायम गर्नका लागि भ्रष्टाचारीलाई जहाँ देख्यो त्यही जनकारवाही गर्न आवश्यक छ । आईटी आर्मीले त्यो कामको नेतृत्व गरोस् ।'

गिरीबन्दु टी–स्टेट देखि ललिता निवास लगायतका ठाउँमा ठूला भनिएकाहरुकै संलग्नतामा भ्रष्टाचार भएको प्रमाणित भएको छ । तर त्यस्तालाई कारवाही गर्नुको साटो पुरस्कृत गर्ने अवस्थाको अन्त्य आवश्यक रहेको उनले बताए । सरकार, अख्तियार दुरुपयोग अनुसन्धानले भ्रष्टाचारीलाई कारवाही गर्न नसकेको बताउँदै साहले अहिले सरकारमै भ्रष्टहरुको बाहुल्यता भएको टिप्पणी गरे ।

'अहिले हामी के देखिरहेका छौं की सरकारमै भ्रष्टाचारीहरुको बाहुल्यता रहेको । त्यही सरकारले सरुवा, बढुवा, नियक्त गर्ने अख्तियार सहितका निकायले समेत भ्रष्टाचारीलाई कारवाही गर्न सकेको छैन्' साहले भने, 'भ्रष्टाचार गर्नेहरुले संरक्षण पाईरहेका छन् । राज्यकै संरक्षणमा देश लुटने काम भईरहेको देखिन्छ ।' विदेश गईरहेका युवालाई नेपालमै रोजगार दिनुको साटो ति सोझासाझा युवाबाट लाखौं रकम लिएर विदेश पठाउँने काम सरकारी निकायबाटै भईरहेको आरोप लगाउँदै स्वदेशमै रोजगारी दिनुपर्ने सरकार देशलाई उजाड बनाईरहेको छ । राज्यकै संरक्षणमा मन्त्री, ठुला व्यापारीको संलग्नतामा हुण्डी कारोबार मार्फत अर्बौं रकम विदेश गईरहेको बताउँदै उनले त्यस्तो जघन्य अपराध गर्नेलाई सरकारले किन संरक्षण गरेको भन्दै प्रश्न गरे । आईटी आर्मीले तेस्रो स्थापना दिवसको अवसरमा शनिबार देशैभरी बिभिन्न रचनात्मक कार्यक्रम गरी मनाउँदै छ । आईटी आर्मीका अध्यक्ष चन्द्रभुषण साहले आईटी आर्मीले भ्रष्टाचार, कुशासन, अनियमितता लगायतको विरोधमा स्थापनाकालदेखी नै बिभिन्न कार्यक्रम गर्दै आएको बताए । स्थापना दिवसको अवसरमा काठमाडौंमा रक्तदान कार्यक्रम गर्नुका साथै देशैभरी बिभिन्न कार्यक्रम भईरहेको साहले बताए ।

आईटी आर्मीका उपाध्यक्ष सुमन यादवले आईटी आर्मीको स्थापना दिवसको अवसरमा सातै प्रदेशमा बिभिन्न कार्यक्रम भईरहेको बताईन् । बृक्षारोपन, रंगोली बनाउँदै दिपप्रजवलन लगायतका बिभिन्न कार्यक्रम गर्दै स्थापना दिवश मनाउन लागिएको यादवले बताईन् । आजपाको केन्द्रीय कार्यालय काठमाडौंमा भएको कार्यक्रममा आजपाका वरिष्ठ उपाध्यक्ष एवम् संविधानसभाका सदस्य तिलक थापा, उपाध्यक्ष ज्ञानेन्द्र तामाङ, सचिव नारायण पाण्डे, आम उधोग बाणिज्य संघका अध्यक्ष साजन जैसवाल लगायतको विशेष सहभागिता रहेको थियो ।

# सवारी दुर्घटनामा पर्सामा ५१ जनाको मृत्यु
## ८ सय ४ जना घाइते




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा सवारी दुर्घटनामा मृत्यु हुनेको संख्या बढेको छ । पछिल्लो आर्थिक वर्ष २०८०/८१ मा अघिल्लो आर्थिक वर्षको तुलानामा झण्डै ६६ प्रतिशतले बढी सवारी दुर्घटना भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले जनाएको छ । यस्तै सवारी दुर्घटनाको संख्यासँगै मृत्यु हुने र घाइते हुनेको संख्या पनि बढेको छ । गत आर्थिक वर्ष २०८०/८१ मा पर्सामा ५ सय ४४ वटा सवारी दुर्घटना भएको र त्यसमा ७ सय ९६ वटा सवारीसाधन परेका छन् । ती दुर्घटनामा परी ५१ जनाको मृत्यु भएको छ भने ८ सय ४ जना घाइतेपनि भएका छन् । ८ सय ४ जना घाइतेमध्ये गम्भीर घाइते हुनेको संख्या ८४ र सामान्य घाइते हुनेको संख्या ७ सय २० रहेको छ । जबकि अघिल्लो आर्थिक वर्ष २०७९/८० मा पर्सामा ३ सय ५९ वटा मात्र सवारी दुर्घटना भएका थिए । ती दुर्घटनामा ४ सय ६ वटा सवारीसाधन परेका थिए । अघिल्लो आर्थिक वर्षमा भएका सवारी दुर्घटनामा परेर ३९ जनाको मात्रै मृत्यु भएको थियो भने ४ सय ९९ जना घाइते भएका थिए । गत आर्थिक वर्षमा भएका सवारी दुर्घटनामा सबै भन्दा बढी ५ सय ५४ वटा मोटरसाइकल परेका छन् । यस्तै ५७ वटा टेम्पु, ५४ वटा कार/जीप, २९ वटा ट्याक्टर, २९ वटा ट्रक र १० वटा बस दुर्घटनामा परेको जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख ट्राफिक प्रहरी निरीक्षक भाष्कर खतिवडाले जानकारी दिए ।

पर्सामा सवारी दुर्घटनाको संख्या बढनुमा दुई/तीन वटा कारणहरु रहेको ट्राफिक प्रहरी निरीक्षक खतिवडाले बताए । अर्को जिल्लामा सवारी साधानको संख्या पनि थपिदै गएकोले दुर्घटनाको संख्यापनि बढ्न थालेको उनले बताए । यसका साथै गाँउ गाँउमा नयाँ सडक बन्दै गएको र त्यहाँ सवारीसाधनको आवागमन बढेका कारणले पनि दुर्घटनाको संख्या बढ्न थालेको ट्राफिक प्रहरी निरीक्षक खतिवडाले तर्क दिए । जिल्लामा दुर्घटनाको संख्या न्युनिकरणका लागि जिल्ला ट्राफिक प्रहरी कार्यालयले विभिन्न संघसंस्थाको समन्वयमा समुदाय, विद्यालय र सडकमैपनि ट्राफिक नियम पालनासम्बन्धि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्न थालेको उनले बताए ।




# भारतीय खोज तथा उद्धार टोली नेपालमा



**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणगढ–मुग्लिन सडकखण्डअन्तर्गत चितवनको सिमलतालबाट पहिरोसँगै त्रिशूलीमा खसेका दुई बस र यात्रुको खोजीका लागि भारतको खोज तथा उद्धार टोली नेपाल आएको छ । भारत सरकारको नेसनल डिजास्टर रेस्पोन्स फोर्स (एनडीआरएफ) को १२ सदस्यीय टोली नेपाल आएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले जानकारी दिए । उनका अनुसार शुक्रबार राति सुनौली नाका हुँदै नेपाल भित्रिएको टोली शनिबार बिहान घटनास्थल पुगेको थियो । टोलीले शनिबारदेखि नै काम थालेको छ । पानीमुनि खोजतलासमा प्रयोग हुने यन्त्र उपकरणलगायत सेटसहित उनीहरू आएका हुन् । उनीहरूले तीन वटा अत्याधुनिक उपकरण पनि ल्याएको बताइएको छ । असार २८ गते शुक्रबार वीरगंजबाट काठमाडौँ जाँदै गरेको एञ्जल डिलक्स र काठमाडौँबाट गौर आइरहेको गणपति डिलक्स बस पहिरोसँगै बगेर त्रिशूली नदीमा यात्रु बेपत्ता भएका थिए । सेना, प्रहरी र सशस्त्र प्रहरीको गोताखोरसहितको टोलीले उसै दिनबाट खोजी सुरू गरे पनि हालसम्म बस पत्ता लागेका छैनन् । बसमा रहेका तीनजना यात्रु मात्रै सकुशल छन् । बससँगै बगेका ६२ यात्रुमध्ये खोजीका क्रममा त्रिशूलीभन्दा तल नारायणी नदी किनार र भारतीय क्षेत्रबाट समेत २४ वटा शव भेटिएका छन् । तर तीमध्ये १५ वटा शवमात्रै उक्त बसका यात्रुको भएको पुष्टि भएको छ ।

भारतको राष्ट्रिय आपदा मोचन बल (एनडिआरएफ)का १२ जना प्राविधिक टोली प्रविधिसहित खोजीमा आएका हुन् । भारतीय टोलीमा कुनाल तिवारी, ललित कुमार, रविशंकर सरोज, सुधिरकुमार सिंह, बहादुर नाथ, संदिपकुमार दुवे, बिक्रान्त कुमार, अबध किशोर, हेमन्तकुमार यादव, मनोजकुमार यादव, सुनिलकुमार सिंह यादव र लोकेश कुमार रहेका छन् । टोलीमा चारजना गोताखोर छन् । त्य्यसै गरि तीनवटा सोनार क्यामेरा छन् । भारतीय टोली सात दिनसम्म खोजीमा खट्ने चितवनका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यदवले बताए । दुर्घटनाग्रस्त बसमा एउटामा सात र अर्कोमा दुई गरेर नौजना भारतीय यात्रु पनि थिए । उनीहरूमध्ये चारजनाको शव फेला परेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन